सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री प्रकाश वस्ती

माननीय न्यायाधीश श्री डा.भरतबहादुर कार्की

आदेश

०६७-WO-००२६

विषय : उत्प्रेषण ।

| | |
|---|---|
| भक्तपुर जिल्ला मध्यपुर ठिमी नगरपालिका वडा नं. ८ बस्ने विदुर वन ----- १ | निवेदक |
| काठमाडौँ जिल्ला काठमाडौँ महानगरपालिका वडा नं. २३ घर भै हाल ललितपुर उपमहानगरपालिका वडा नं. ५ बस्ने जानकी अधिकारी(कार्की) ---- १ | |
| भक्तपुर जिल्ला सानोठिमी घर भै हाल ललितपुर उपमहानगरपालिका वडा नं. ४ बस्ने कमल सिजापती(बस्नेत) ------------------------------ १ | |
| ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं. ३ घर भै हाल ऐ.ऐ. वडा नं. ४ बस्ने किरणप्रसाद उपाध्याय -------------------------------- १ | |
| संखुवासभा जिल्ला सितलपाटी गा.वि.स. वडा नं. २ घर भै हाल ललितपुर उपमहानगरपालिका वडा नं. ४ बस्ने शान्ता थापा(भण्डारी) --------------- १ | |
| ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं. १९ घर भै हाल काठमाडौ महानगरपालिका वडा नं. ३४ बस्ने यज्ञराज श्रेष्ठ --------------- १ | |

बिरुद्ध

नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड, प्रधान कार्यालय कमलादी काठमाडौं --- १
सञ्चालक समिति, नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड ------------------ १
लेखा तथा वित्त विभाग, नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड -------------- १ } विपक्षी
आन्तरिक राजश्व विभाग, लाजिम्पाट काठमाडौं ------------------------ १
आन्तरिक राजश्व विभाग, ठूला करदाता कार्यालय, हरिहरभवन ----------- १

मुद्दा : उत्प्रेषण ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७ (२) बमोजिम यस अदालत समक्ष परेको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् ठहर यस प्रकार छ :-

हामी निवेदकहरू विपक्षी नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेडमा सेवा गरी हाल अवकाश पाएका कर्मचारी हौं । नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेडमा कार्यरत् हुँदाको अवस्थामा आफूले कमाएको आयमा राज्यलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण कर राजश्व बुझाएका छौं । हामीले सेवाबाट स्वेच्छिक अवकाश पाउँदा नेपाल इन्स्योरेन्स कम्पनी कर्मचारी नियमावली, २०६३ को नियम ६.२ बमोजिम पाउने उपदानबापतको रकममा समेत राज्यले १५ प्रतिशत कर असूलउपर गर्ने गरेको छ भन्दै उपदानबापतको रकममा १५ प्रतिशतले हुन आउने रकम कट्टा गरी बाँकी रकममात्र उपदानबापत हामी प्राप्त गरेका छौं । उपदान र सञ्चित विदाबापतको आयमा कर लाग्ने भन्ने व्यवस्था आयकर ऐन, २०५८ मा भएको पाईंदैन । आयकर ऐन, २०५८ र आयकर नियमावली, २०५९ बमोजिम अवकाश कोष खडा गरी आन्तरिक राजश्व विभागबाट स्वीकृति लिई उक्त कोषमा उपदानवापतको रकम जम्मा गर्ने दायित्व विपक्षी नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेडको नै हो । हामी उपदान पाएका कर्मचारीहरूको उपदानवापतको रकममा कर लाग्ने नै भए पनि जम्मा ५ प्रतिशत मात्र कट्टी गर्नु पर्नेमा सो नगरी हचुवाको भरमा १५ प्रतिशत कर कट्टी गर्ने कार्य त्रुटिपूर्ण छ । यस विषयमा विपक्षी नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेडमा निवेदन गर्दा समेत कुनै सुनुवाई नै नभएको हुँदा विपक्षीको उक्त गैरकानूनी कार्यबाट हामी निवेदकको संवैधानिक एवं कानूनी हकाधिकार हनन् भएको

हुँदा प्रस्तुत रिट निवेदन लिई उपस्थित भएका छौं । हामी निवेदकलाई भुक्तानी गरिएको उपदान तथा सञ्चित विदावापतको रकममा १५ प्रतिशतका दरले कर कट्टी गर्ने, उक्त रकम करमा जम्मा गर्ने मिति २०६६।११।४ को निर्णयलगायतका सम्पूर्ण निर्णयहरू उत्प्रेषणको आदेशले बदर गरी हामी निवेदकहरूले पाउने रकमबाट करकट्टी गरिएको १५ प्रतिशत रकम र सोको हालसम्मको ब्याज समेत फिर्ता दिनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेशलगायत अन्य उपर्युक्त आदेशहरू जारी गरी पाऊँ भन्ने समेत व्यहोराको रिट निवेदन ।

यसमा के कसो भएको हो, निवेदन मागबमोजिमको किन जारी हुन नपर्ने हो, यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद वाहेक १५ दिनभित्र लिखित जवाफ पठाउनु भनी रिट निवेदनको एकप्रति नक्कल साथै राखी सूचना पठाई लिखित जवाफ प्राप्त भएपछि वा अवधि व्यतीत भएपछि नियमबमोमिज पेश गर्नु भन्ने यस अदालतको मिति २०६७।४।१२ को आदेश ।

यो नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड नेपाल बैक लि. को ५१ प्रतिशत र सर्वसाधारण नागरिकहरूको ४९ प्रतिशत शेयर लगानीमा वि.सं. २००४ मा स्थापित कम्पनी हो । यो कम्पनी बिशेष ऐनअन्तर्गत वीमा ऐन, २०४९ र वीमा नियमावली, २०४९ अनुसार स्थापना भई सञ्चालित रहिआएको छ । यसको बार्षिक कारोवार बार्षिक पच्चीस करोडभन्दा बढी रहेको हुँदा ठूला करदाताअन्तर्गत वर्गीकृत संस्था रहेको छ । यस संस्थाको कर्मचारी अवकाश कोष, २०५९ मिति २०५९।१०।१ मा दर्ता स्वीकृत भई सञ्चालनमा आएको छ । विपक्षी रिट निवेदकहरूको मिति २०५८।१२।१८ सम्म कोषमा जम्मा भएको रकममा कुनै कर लगाइएको छैन । त्यसपछि जम्मा भएको रकममा पाँच प्रतिशतले मात्र कर कट्टी गरिएको हो । विपक्षी निवेदकहरू कर्मचारी स्वेच्छिक अवकाश योजनामा सहभागी भै अवकाश लिएकोले स्वेच्छिक अवकाश इन्सेन्टिभअन्तर्गतको रकमा अवकाश कोषअन्तर्गतको नभएको हुँदा त्यस रकममा मात्र आयकर ऐनअनुसार नै पन्ध्र प्रतिशत कर कट्टी गरी सम्बन्धित कर कार्यालयमा दाखिल

समेत गरिसकिएको हुँदा विपक्षी निवेदकहरूले दाबी गरे जस्तो गैरकानूनी कार्य यस कम्पनीबाट भएको छैन र यस कम्पनीबाट भएको काम कारवाहीबाट विपक्षी निवेदकहरूको कुनै पनि हकाधिकारमा आघात नपरेको हुँदा  रिट निवेदन दायर गर्नु कुनै औचित्य नभएको हुँदा रिट निवेदन खारेज गरी पाऊँ भन्ने समेत व्यहोरा नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड, ऐ. को संचालक समिति तथा ऐ.को मानवस्रोत व्यवस्थापन विभागको संयुक्त लिखित जवाफ ।

आयकर ऐन, २०५८ को दफा ८८ (१) मा बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क भुक्तानी गर्दा र सो व्यक्ति स्वीकृत अवकाश कोष भएमा कुनै अवकाश भुक्तानीको रकम भुक्तानी गर्दा कूल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नु पर्नेछ भन्ने व्यवस्था गरेको छ । यसै गरी आयकर नियमावली, २०५९ को नियम २० को उपनियम ६ (क) ऐन प्रारम्भ हुनुभन्दा अगाडिका वर्षहरूमा कर्मचारी वा कामदारहरूको सञ्चयकोष वा नागरिक लगानी कोषमा जम्मा भएको सावाँ व्याजलगायतका रकममा र सो अवधिसम्म पाकेको उपदान तथा सञ्चित विदावापतको रकममा कर छूट हुने भन्ने स्पष्ट व्यवस्था छ । अतः आयकर ऐन र नियमावलीमा भएको व्यवस्थाबमोजिम नै विपक्षी रिट निवेदकहरूले २०५८।१२।१८ भन्दा पछि पाउने उपदान रकममा मात्र पन्ध्र प्रतिशत कर कट्टी गरिएको हो । यस आन्तरिक राजश्व विभाग र ठूला करदाताको कार्यालबाट विपक्षी रिट निवेदकहरूको कुनै हकाधिकार हनन् गरिएको छैन । कानूनले तोकेको कर राजश्वको दायित्वबाट कानूनबमोजिम बाहेक कसैलाई छूट दिन नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाऊँ भन्ने समेत एकै व्यहोराको आन्तरिक राजश्व विभाग लाजिम्पाट र ठूला करदाता कार्यालय हरिहर भवन ललितपुरको लिखित जवाफ ।

नियमबमोजिम पेश हुन आएको प्रस्तुत रिट निवेदनमा विपक्षी नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेडको तर्फबाट विद्वान अधिवक्ता तेजनाथ धमाल र आन्तरिक राजश्व विभाग समेतको तर्फबाट उपस्थित विद्वान उपन्यायाधिवक्ता टिकेन्द्र दाहालले आयकर ऐन, २०५८ र आयकर नियमावली, २०५९ बमोजिम नै कर कट्टी गरिएको हो ।

कानूनले तोकेको कर राजश्वको दायित्वबाट कानूनबमोजिम बाहेक कसैलाई छूट दिन नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाऊँ भनी गर्नु भएको बहस समेत सुनी मिसिल अध्ययन गरी हेर्दा निवेदकको माग दावीबमोजिम आदेश जारी गर्नुपर्ने अवस्था समेत छ, छैन सो सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

निर्णयतर्फ विचार गर्दा उपदानवापतको रकममा कर नै नलाग्ने हुँदा कर कट्टी गर्ने र सो रकम सम्बन्धित निकायमा दाखिल गर्ने कार्यलाई लाई उत्प्रेषणको आदेशले बदर गरी सो कट्टी गरिएको रकम र त्यसको ब्याज समेत फिर्ता गरी पाऊँ भन्ने निवेदन माग दावी रहेको देखिन्छ भन्ने आय कर ऐन र नियमावलीबमोजिम नै मिति २०५८।१२।१८ पछिको उपदान रकममा मात्र पन्ध्र प्रतिशतका दरले कर लगाइएको हुँदा रिट निवेदन खारेज गरी पाऊँ भन्ने लिखित जवाफ रहेको छ । आयकर ऐन, २०५८ को दफा ८१ (१) मा हेर्दा बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको ब्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क भुक्तानी गर्दा र सो व्यक्ति स्वीकृत अवकाश कोष भएमा कुनै अवकाश भुक्तानीको रकम भुक्तानी गर्दा कूल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नु पर्नेछ भन्ने व्यवस्था गरेको छ । साथै आयकर नियमावली, २०५९ को नियम २० को उपनियम ६ (क) मा भएको व्यवस्थालाई हेर्दा ऐन प्रारम्भ हुनुभन्दा अघिका आय वर्षहरूमा कर्मचारी वा कामदारको संचय कोष वा नागरिक लगानी कोषमा जम्मा भएको साँवा ब्याजलगायतका रकममा र सो अवधिसम्म पाकेको उपदान तथा संचित बिदाबापतको रकममा कर छूट हुने भनी उल्लेख गरेको देखिन्छ । यस कानूनी व्यवस्थालाई हेर्दा आर्थिक ऐन र नियमावली प्रारम्भ भएपछि उपदान तथा संचित बिदाबापतको रकममा समेत पन्ध्र प्रतिशत कर लाग्ने नै देखिन्छ । निवेदकहरूको निवेदन व्यहोरा र लिखित जवाफसमेतबाट मिति २०५८।१२।१८ पछिको उपदान रकममा मात्र पन्ध्र प्रतिशतका दरले कर लगाइएको देखिँदा त्यसलाई गैरकानूनी भन्न मिल्ने देखिएन् ।

यसरी कानूनबमोजिम लगाइएको करलाई गैरकानूनी रूपमा लगाइएको हो भनी निवेदन जिकीर लिदैँमा कानूनमा भएको व्यवस्था प्रतिकूल अवधारणा बनाउन मिल्दैन । तसर्थः कानूनबमोजि लगाइएको करले निवेदकको कुनै पनि हकाधिकार हनन् भएको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठर्हछ । निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू ।

न्यायाधीश

उक्त रायमा सहमत छु ।

न्यायाधीश

*इजलास अधिकृतः यज्ञप्रसाद आचार्य*

इति संवत् २०७० साल कार्तिक महिना २४ गते रोज १ शुभम...............................